परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक




गर्भवती अवस्थामै फिल्मको सुटिङ गर्दै रेखा थापा

• वर्ष २ • अंक ११७ • २०८० असोज १० गते बुधवार • (27-Sept-2023) • पृष्ठ ४ • मुल्य रु ५।- www.talknepaltv.com

## मधेस प्रदेशसभा बैठकबारे अन्योल कायमै




■ टक नेपाल

जनकपुरधाम । मधेस प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखद्वारा २०८० असार ३१ गते आइतबार राति १२ बजेबाट अन्त्य गरिएको प्रदेशसभा अधिवेशन फेरि कहिले बोलाउने भन्ने अझै टुङ्गो लाग्न सकेको छैन । प्रदेशसभा बैठकको मितिबारे अहिलेसम्म सूचना जारी भएको छैन । यद्यपि, मुख्यमन्त्री सरोजकुमार यादवले क्याबिनेटको पछिल्लो बैठकबाट असोज २१ गते प्रदेशसभाको बैठक डाक्ने निर्णय भएको बताए । प्रदेशसभा बैठक नबस्दा महत्त्वपूर्ण विधेयकहरू अघि बढ्न सकेको छैन । २०७९ मङ्सिरको चुनावपछि गठन भएको प्रदेशसभाको पहिलो अधिवेशनमा ३६ वटा बैठक भएका थियो । त्यसबेला प्रदेशसभामा सात वटा विधेयक दर्ता गरिएको थियो । जसमध्ये बजेटसँग सम्बन्धित दुई सहित जम्मा तीन वटा विधेयक मात्रै पारित भए । मधेस प्रदेशका केही ऐनलाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९, आर्थिक विधेयक २०८० र विनियोजन विधेयक २०८० गरेर तीन वटा विधेयक पारित भएको सभामुख रामचन्द्र मण्डलले बताए । प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, स्थानीय सेवाको गठन सम्बन्धमा र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेका विधेयक र मधेस प्रदेश सवारी तथा यातायात व्यवस्था विधेयक लाई विषयगत समितिमा छलफलका लागि पठाइएको प्रदेशसभा सचिवालयले जनाएको छ । नेकपा एमाले मधेस प्रदेश दलका नेता सरोजकुमार यादवले भने, 'कम्तीमा दश चोटि त मैले नै भनिसकेँ कि प्रदेशसभाको बैठक सुचारु गर्नुपर्छ ।' प्रदेशसभा बैठक नबस्दा जनताको समस्याबारे आवाज उठाउन नपाइएको उनले बताए ।

## वीरगञ्जमा अनुमति नलिई सञ्चालित ९ कलेज महानगरले गरायो बन्द




■ टक नेपाल

वीरगञ्ज । वीरगञ्ज महानगर पालिकाले अनुमति नलिई सञ्चालन भएको भन्दै ९ वटा कलेज बन्द गराएको छ । ती प्रत्येक कलेजलाई १ लाख रुपैयाँका दरले जरिवाना पनि गरेको छ । महानगरले संस्थागत विद्यालय नियमन समिति बनाएर गत भदौ १३ गते अनुगमन गर्दा ९ वटा कलेजले आफैं अनुमति नलिएको तर अन्य विद्यालयको अनुमति पत्रका आधारमा कक्षा ११ र १२ को पठनपाठन गराउँदै आएको फेला पारेको थियो । त्यतिबेला यस्ता कलेज शिलबन्दी गरेको समितिले महानगरपालिकाको शिक्षा समितिमा कारबाहीको लागि सिफारिस गरेको थियो । महानगर शिक्षा समितिको सोमबार बसेको बैठकले ९ कलेजलाई सञ्चालनमा रोक र जरिवानाको निर्णय गरेको महानगर शिक्षा महाशाखाका अधिकृत आनन्द लामिछानेले जानकारी दिए । बन्द गराएका कलेजहरुमा वीरगञ्ज स्कुल अफ ल, युनिभर्सल कलेज, इम्पेरियल कलेज, अन्नपूर्ण पब्लिक कलेज, प्रिन्सटन कलेज, सत्यम पब्लिक कलेज, पर्सा म्यानेजमेन्ट कलेज, नेशनल कलेज रहेका छन् । यस्तै ती कलेजलाई अनुमति पत्र दिने ९ वटा विद्यालयलाई पनि महानगरपालिकाले ५० हजार रुपैयाँका दरले जरिवाना तिराएको छ । पिस जोन एकेडेमी, ओसिस मावि, ग्रिनल्याण्ड मावि, गोल्डेन बाटिका स्कुल, ज्ञान निकेतन मावि, न्यू वेभ एकेडेमी, एन्जल इन्टरनेशनल बोर्डिङ स्कुल, मुनलाइट इङ्लिस बोर्डिङ स्कुल र वीरगञ्ज सेन्ट्रल स्कुलले कक्षा ११ र १२ को सञ्चालनको पनि अनुमति पत्र लिएका थिए । तर आफूले कक्षा १० सम्म मात्र सञ्चालन गरेर ११ र १२ सञ्चालनको अनुमति अन्य कलेजलाई दिएका थिए । महानगरपालिकाले कलेज सञ्चालनका लागि पुनः अनुमति प्रक्रिया पूरा गरेर आउन भनेको छ । बन्द गराएका कलेजमा अध्ययन गर्ने विद्यार्थीलाई कक्षा ११ र १२ को अनुमति लिने विद्यालयले नै पठनपाठनको व्यवस्थापन गर्नुपर्ने महानगरपालिकाको शिक्षा समितिले जनाएको छ । महानगरले युनिभर्सल कलेजलाई अनुमति लिएको भन्दा फरक ठाउँबाट सञ्चालन गरेको भन्दै ५० हजार रुपैयाँ जरिवाना गरेको छ । यस्तै बैठकले अनुमति नलिएका शैक्षिक संस्थालाई भवन/कोठा भाडामा दिने घर धनीलाई घर बहाल कर तिर्न लगाउने र अबदेखि अनुमति नलिएका शैक्षिक संस्थालाई घर भाडामा नदिन सचेत गराउने निर्णय गरेको छ ।

**विज्ञापनको लागि सम्पर्क गर्नुहोस्**

सम्पर्क नम्बरहरु

९८०७८२१०१४, ९८६३२१०१४

९८०४८०४७००

टक नेपाल राष्ट्रिय दैनिक पत्रिका






## ....सम्पादकीय

# धार्मिक सद्भाव कायम गरियोस्

देशमा पछिल्लो समय धर्मको नाउँमा हिंसा भड्काउने र आक्रमणका घटनाहरु बढ्दै गएका छन् । ती गतिविधिहरु बढ्दै जाँदा धार्मिक समुदायबीच कतिपय अवस्थामा असामान्य अवस्थाहरू बन्दै आएका छन् । अहिले पूर्वी तराई-मधेस अशान्त छ । धार्मिक विषयलाई लिएर पूर्वी तराईमा आगजनी, तोडफोड र आक्रमणका घटनाहरु शृंखलाबद्धरुपमा भइरहेका छ । त्यसले गर्दा शान्ति सुरक्षामा गम्भीर असर पारेको छ । त्यसमाथि ती स्थानहरुमा हिन्दू समुदायमाथि मुस्लिम र मुस्लिम समुदायमाथि हिन्दूको आक्रमणका घटनाले झन् डरलाग्दो स्थितिलाई दर्शाउँछ । धर्मको आधारमा गरिने जुनसुकै विभेद निन्दनीय हुने अवस्थामा यसकै आधारमा हुने आक्रमणले साम्प्रदायिक सद्भावलाई खलबल्याएर ठूलो दंगा निम्त्याउन सक्छ । त्यसैले यस विषयमा संवेदनशील भई यस्ता घटनाको जड कारण नै निर्मूल गर्नुपर्ने खाँचो छ। यस घटनामा प्रशासनिकसँगै राजनीतिक ढंगले सम्बोधन गरिनुपर्छ। मधेससहितदेशकाविभिन्नभागमासाम्प्रदायिकघटनाफैलिरहेकाछन्। पूर्वको धरानदेखि, मधेसको सर्लाही हुँदै पहाडी इलाकामा फैलिरहेको साम्प्रदायिक दंगाले आपसी सद्भाव बिग्रिने त छँदैछ, यसले मुलुकको पनि हित गर्दैन । केही समयअघि धरानमा गोरु काटेर मासु खाएको कुरा सामाजिक सञ्जालमा छाएपछि त्यही निहुँमा दंगा भड्काउने प्रयास भयो । गोरुको मासु खाएको भनिएको भिडियो तथा तस्वीर सामाजिक सञ्जालमार्फत सार्वजनिक भएपछि स्थिति तनावग्रस्त बनेको थियो । धरानमा त्यसअघि नै मन्दिरअगाडि चर्च बनाइएको विषय पनि निकै उचालिएको थियो । भलै, यो विषय बिस्तारै मत्थर भई ठूलो दुर्घटना हुनबाट जो गियो । तर पछि फेरि सर्लाहीको सदरमुकाम मलंगवामा कृष्ण जन्माष्टमीको मूर्ति विसर्जनका क्रममा अर्को समुदायले अवरोध गरेको भन्दै विवाद भयो । विवाद बढ्दै गएर झडपकै स्थिति बन्यो । मुख्य त धनुषा, महोत्तरी, सर्लाही र पर्साका घटनालाई समग्ररुपमा हेर्नुपर्ने खाँचो छ । सुरक्षा निकायका प्रमुखले समेत साम्प्रदायिक दंगा चुनौतीका रूपमा अगाडि आएको बिफ्रिङ गर्दै आएका छन् । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, विविधतामा एकता, धार्मिक-सांस्कृतिक सहिष्णुता र सद्भाव नेपालको मौलिक पहिचान भन्ने विशेषता रहेकोमा केही समययता यसमाथि खलल, आँच पुऱ्याउने र कमजोर पार्ने प्रयत्न भइराखेको छ। यस्ता गतिविधि अन्जानमा भइराखेका छन् कि कुनै निश्चित प्रयोजनार्थ भइरहेका छन् भन्ने प्रश्न उठेको छ। यसरी धर्मका नाममा भइरहेका गतिविधिहरूलाई अहिले नै समाधान नगरे नियन्त्रणबाहिर नजाला भन्न सकिँदैन। सरकारले यस विषयलाई गम्भीरतापूर्वक लिनुपर्दछ। धर्म भनेको मानिसको निजी स्वतन्त्रता र आस्थाको विषय हो । नेपालले कानुनीरुपमा सबै धर्मप्रति सम्मान भाव राख्छ । फेरि प्रायः सबैले मैत्री-करुणा सिकाउँछ । अतः धर्मको नाउँमा झगडा गर्नु कुनै पनि हिसाबले उचित छैन । अर्कोतर्फ धर्मलाई राजनीतिक स्वार्थसँग जोड्दा समस्यासमेत आउन सक्ने विषयमा बेलैमा सचेत हुनु आवश्यक छ। यस्ता घटना हुन नदिई धार्मिक सद्भाव कायम राख्न धार्मिक संगठनका अगुवाबाट धार्मिक सहिष्णुता र सम्मान कायम गर्न संयुक्त वक्तव्य जारी गर्ने कार्यलाई बढावा दिनुपर्दछ। राजनीतिक दल, धार्मिक र सांस्कृतिक संस्था एकजुट भएर सद्भाव कायम नगरे परिस्थिति भयावह बन्दै जान सक्छ । त्यसैले सम्बन्धित निकायको यसतर्फ ध्यान जाओस् ।

# लाखौंको संख्यामा भारतीयले देश छाडेर क्यानडाको नागरिकता लिए



**टक नेपाल**

काठमाडौं। भारत र क्यानडाबीच जारी तनावको बीचमा विदेश मन्त्रालयको तथ्यांकले सन् २०१८ को जनवरीदेखि २०२३ सम्ममा १.६ लाख भारतीयले क्यानडाको नागरिकता लिएको खुलासा गरेको छ। यो संख्या भारतीय नागरिकता त्याग्ने कुल मानिसको २० प्रतिशत हो। तथ्याङ्कले देखाए अनुसार क्यानडा भारतीयहरूको दोस्रो सबैभन्दा मनपर्ने देश बनेको छ । सूचीमा अमेरिका पहिलो स्थानमा छ जसको नागरिकताका लागि सबैभन्दा धेरै भारतीयले आफ्नो नागरिकता त्यागेका छन् । क्यानडापछि तेस्रो स्थानमा अष्ट्रेलिया र चौथो स्थानमा बेलायत रहेको छ जसका लागि भारतीयहरूले आफ्नो नागरिकता त्यागेका छन् । जनवरी २०१८ र जुन २०२३ बीच, लगभग ८.४ लाख मानिसहरूले आफ्नो भारतीय नागरिकता त्यागे र ११४ विभिन्न देशको नागरिकता अपनाए । भारतीय नागरिकता त्यागेका ५८ प्रतिशत भारतीयले क्यानडा र अमेरिका जान रोजेका छन् । भारतीय नागरिकता त्याग्ने यो प्रचलन हरेक वर्ष बढ्दै गएको देखिए पनि २०२० मा महामारीका कारण नागरिकता त्याग्ने दर घटेको थियो । सन् २०१८ मा भारतीय नागरिकता त्याग्नेहरूको संख्या १.३ लाख थियो र यो संख्या २०२२ मा बढेर २.२ लाख पुगेको छ। जुन २०२३ सम्म लगभग ८७,००० भारतीयहरूले विदेशी नागरिकता रोजेका छन् । अध्यागमन विज्ञ विक्रम श्राफका अनुसार धेरै भारतीयहरू अङ्ग्रेजी भाषा बोल्ने देशहरूमा जान रुचाउँछन्। उनी भन्छन्, 'आप्रवासी हुनुका उच्च जीवनस्तर, बालबालिकाको शिक्षा, रोजगारीको अवसर र राम्रो स्वास्थ्य सुविधा जस्ता धेरै कारणहरू छन् । क्यानडा र अष्ट्रेलियाले रेसिडेन्सी र नागरिकता पाउने नियमलाई सरल बनाएर विदेशी प्रतिभालाई आफ्नो देशमा आकर्षित गरिरहेका छन् ।' विदेशमन्त्री एस जयशंकरले केही समय अघि संसदमा उनको सरकारले आप्रवासीहरूको अधिकतम उपयोग गर्न धेरै कदम चालिरहेको बताएका थिए । उनले भनेका थिए, 'सफल, समृद्ध र प्रभावशाली आप्रवासीहरू भारतका लागि अत्यन्तै लाभदायक हुन्छन्। हाम्रो दृष्टिकोण भनेको प्रवासी नेटवर्कको पूर्ण फाइदा लिने र यसको प्रतिष्ठालाई देशको हितमा प्रयोग गर्ने हो ।' खलिस्तानी नेता हरदीप सिंह निज्जरको हत्यालाई लिएर गत सोमबार भारत र क्यानडाबीच विवाद सुरु भएको थियो । क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले क्यानडाको संसदमा निज्जरको हत्यामा भारतको हात रहेको बताएका थिए । भारतले उनको आरोपलाई कडाइका साथ अस्वीकार गर्दै क्यानडाको आरोप आधारहीन भएको बताएको थियो । यो आरोपपछि क्यानडामा भारतीय मूलका हिन्दुहरुको समस्या बढेको छ । त्यस्ता धेरै भिडियोहरू सोशल मिडियामा भाइरल छन् जसमा खालिस्तान समर्थकहरूले भारतीय मूलका हिन्दूहरूलाई क्यानडा छोड्न धम्की दिइरहेका छन्। बढ्दो तनावलाई देखेर भारतले क्यानडासँगको भिसा सेवा पनि स्थगित गरेको छ, जसका कारण यो समस्या झनै बढेको छ ।

# गर्भवती अवस्थामै फिल्मको सुटिङ गर्दै रेखा थापा



**टक नेपाल**

काठमाडौं । अभिनेत्री रेखा थापा गर्भवती अवस्थामै फिल्मको सुटिङ गरिरहेकी छिन्। चार महिनाकी गर्भवती रहेकी उनले यही अवस्थामा सुटिङ पूरा गर्न लागेकी हुन् । ज्ञानेन्द्र देउजाको निर्देशनमा बनिरहेको फिल्म 'उपहार'मा उनको मुख्य भूमिका छ। फिल्ममा दुई दृश्यमा उनको एक्सन र एउटा गीतसमेत रहेको छ । जसको छायांकन उनले गर्भवती अवस्थामै सकाएको बताइन् । चिकित्सकले उनलाई आमा बन्ने समय भने माघ अन्तिम तथा फागुनको पहिलो साता तय गरेका छन्। फिल्मको सुटिङ अझै १५ दिन बाँकी रहेको उनले नेपाललाइभसँग बताइन् । उनले भनिन्, 'चिकित्सकले तीन महिना बितेपछि अलि बढी सक्रिय हुँदा फरक नपर्ने भनेकाले अहिले सुटिङमा बढी व्यस्त भएकी छु । आगामी १५ दिन जतिमा सकिन्छ ।'उनले २०७८ सालमा व्यवसायी बलराम शाही ठकुरीसँग विवाह गरेकी थिइन् ।




## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्दा आत्मसम्मानमा आघात पुग्न सक्छ। | तुला | परिस्थितिअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ। |
| बृष | मेहनत परे पनि भाग्यले राम्रै अवसर दिलाउनेछ। | वृश्चिक | भौतिक साधनले खर्च बढाउन सक्छ। |
| मिथुन | समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ। | धनु | बौद्धिक क्षमतामा निखारता आउनेछ। |
| कर्कट | घुमफिर तथा मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। | मकर | आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ। |
| सिंह | यात्रा र किनमेलमा खर्च हुनेछ। अप्ठ्यारा परिस्थितिलाई सहज बनाउन जुट्नुपर्ने समय छ। | कुम्भ | खर्च लागे पनि केही काम बनाउन सकिनेछ। |
| कन्या | मिहिनेतले विभिन्न अवसर दिलाउनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। | मीन | श्रम परे पनि राम्रो परिणाम प्राप्त हुनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# ‘......त्यसपछि बन्यो निधिको नाममा मिथिला संस्कृति केन्द्र’

▪ टक नेपाल




जनकपुरधाम । विसं २०५६ मा सन्त नेता कृष्णप्रसाद भट्टराई दोस्रो पटक प्रधानमन्त्री हुनुभएको समय थियो । नेपाली कांग्रेसका पूर्वसभापतिसमेत र हनुभएका प्रधानमन्त्री भट्टराईको गान्धीवादी नेता स्व महेन्द्रनारायण निधिको नाममा जनकपुर क्षेत्रमा दीर्घकालीन महत्त्वको केही काम गर्ने चाहना रहेछ । उहाँले एकदिन आफ्नो त्यो चाहना स्व निधि पुत्र विमलेन्द्र निधिलाई सुनाउनुभयो । बुबाको नाममा केही ऐतिहासिक महत्त्वको काम गर्ने योजनामै रहेका विमलेन्द्रलाई प्रधानमन्त्री स्वयंले नै त्यसो भनेपछि थप सजिलो हुने नै भयो । तर गर्ने के ? अन्योलमा हुनुहुन्थ्यो निधि । हुन त उहाँसँग योजना नभएका होइनन् तर प्राथमिकता निर्धारण गरिसकेको अवस्था थिएन । त्यही बेला तत्कालीन जनकपुरका नगरप्रमुख बजरङ्गप्रसाद साहले नगरमा बहुआयामिक महत्त्वको सभाहल निर्माणका लागि गरेको सङ्घर्ष निधिको सम्झनामा आयो । त्यही विषयमा छलफल सुरु भयो । आफ्ना पिता स्व नेता महेन्द्र नारायण निधिको नाममा प्रधानमन्त्रीले पनि केही महत्त्वको काम गर्ने चाहना राख्नुभएका बारे कुराकानी भयो । सभाहल बनाउने तर त्यसको नाम ‘महेन्द्र नारायण निधि संस्कृति केन्द्र’ बनाउने प्रस्तावमा नगरप्रमुख साहले पनि सहमति जनाउनुभयो । नगरप्रमुखसँग भएको मोटामोटी सहमतिको बेहोरा प्रधानमन्त्री भट्टराईलाई सुनाएपछि उहाँले तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्री बलबहादुर केसीसँग सल्लाहपछि आर्थिक वर्ष विसं २०५७/५८ देखि आयो जनाकै रुपमा संस्कृति केन्द्रको निर्माण सुरु भएको थियो । सोही आर्थिक वर्षको वैशाख महिनामा महेन्द्र नारायण निधि पत्नी प्रेमसागरी देवी निधिले भवनको शिलान्यास गरेसँगै आयोजनाको निर्माण कार्य सुरु भयो । करिब २३ वर्षअघि सुरुभएको आयोजनाको महत्त्वपूर्ण अङ्गका रुपमा रहेको सभाहल उद्घाटन कार्यक्रममा सोमबार तिनै निधि पुत्र विमलेन्द्रले यी कुरा सुनाउनुभएको हो । त्यसक्रममा निधिले भन्नुभयो, “तत्कालीन मेयर (बजरङ्गप्रसाद साह) जनकपुरमा एउटा सिटी हल निर्माण गर्न भौतारिरहनुभएको थियो । उहाँले सहयोगका लागि सरकार र विभिन्न दूतावास धाइरहेको पीडा मैले नजिकबाट नियालिरहेको थिए । प्रधानमन्त्री स्वयंले नै जनकपुरमा अहिंसावादी नेता मेरो पिताजीको नाममा केही गर्ने चाहना व्यक्त गरेको सन्दर्भमा जनकपुरमा सभाहल निर्माण सुरु भएको हो ।” आफ्नो पिताजीको नाम जोडिए पनि संस्कृति केन्द्रको उद्देश्य मिथिलाको कला संस्कृति, अहिंसा, शान्ति र सामाजिक सद्भाव संरक्षणमा काम गर्ने रहेकाले त्यसको सदुपयोग गर्नुपर्ने निधिको धारणा छ । “यो संस्कृति केन्द्रमा आदरणनीय नेता किसुन जीको सपना, तत्कालीन नगरप्रमुख साहको वेदना र मेरो चाहना जोडएको छ । विभिन्न आरोहअवरोहकाबीच आज करिब २३ वर्षपछि संस्कृति केन्द्र सञ्चालनमा आएको छ । यस कार्यले परिवारको सदस्यका रुपमा म निकै खुसी छु र यसको निर्माणमा योगदान गर्ने सबैप्रति आभार प्रकट गर्दछु”, निधिको भनाइ थियो । पूर्व नगरप्रमुख साहले पनि जनकपुरमा सुविधासम्पन्न आधुनिक सभाहल निर्माण गर्ने योजना बनाइरहेका बेला सङ्घीय सरकारले नै स्व नेता निधिको नाममा सभाहल बनाइदिने भने पछि आफू त्यसमा सहमत भएको बताउनुभयो । “जनकपुरमा धार्मिक कार्यका लागि धेरै मानिस आउने, सभा सम्मेलन हुने तर यहाँ एउटा पनि आधुनिक सभाहल थिएन । त्यसैका लागि मैले पहल गरिरहेको थिए । संयोगवस उहाँले (निधिले) आफूलाई प्रधानमन्त्रीले भनेको कुरा सुनाउनुभयो । त्यसैका आधारमा नगरपालिकाले मेरै पालामा केन्द्र निर्माणका लागि होसियारीपूर्वक पचास कठ्ठा जग्गा दिने निर्णय गरेको हो । यो सभाहल निर्माण भएपछि म निक हर्षित छु ।” जनकपुरमा हुने ठूला कार्यक्रमलाई सहजता प्रदान गर्न र सभाहल बाहेक मिथिला संस्कृतिको संरक्षणका लागि केन्द्रले आफ्ना गतिविधि सञ्चालन गर्ने पवित्र उद्देश्यसहित निर्माणभएकाले यसको संरक्षण्का लागि सबै तहका सरकारले सहयोग गर्नुपर्ने पूर्व नगरप्रमुख साहको आग्रह छ । त्यसैगरी नेकपा (एमाले) नेत्री एवं प्रतिनिधिसभा सदस्य जुलीकुमारी महतो महासेठ नेपालको लोकतान्त्रिक आन्दोलनमा महात्त्वपूर्ण योगदान गर्नुभएका स्व नेता निधिको स्मृतिमा बनेको सभाहलले जनकपुरको पर्यटन विकासमा टेवा पुग्ने विश्वास गर्नुहुन्छ । “ढिलै भए पनि हाम्रा अभिभावक स्व नेता निधिको स्मरणसभाहल बनेको छ । यसले जनकपुर क्षेत्रमा पर्यटन विकासका लागि टेवा पुग्नेछ । अब यसको सदुपयोग गर्न जरुरी छ”, महतोले भन्नुभयो । मुख्यमन्त्री सरोजकुमार यादव पनि केन्द्रको निर्माण प्रादेशिक राजधानीका रुपमा रहेको जनकपुरधाममा आवश्यक सभा सम्मेलन र अन्य गतिविधि सञ्चालन गर्न सहज हुने बताउनुहुन्छ । त्यसैगरी जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले मिथिला र मैथिली संसकृतिको विकास, ठूला सभा सम्मलेन आयो जना गर्न संस्कृति केन्द्रको निर्माणको विशेष महत्व रहेको र यसको संरक्षणका लागि उपमहानगरपालिका प्रतिबद्ध रहेको बताउनुभयो । सहरी विकास मन्त्रालयको रु १२ करोड २४ लाख ७९ हजार तीन सय ४० (भ्याटबाहेक) लागतमा निर्माण सम्पन्न भएको भवन सवा दुई बिघा क्षेत्रफलमा फैलिएको छ । नवनिर्मित भवनमा पाँच सय ४० जना क्षमताको सभाहल, दुई सय जना अटाउने कन्फरेन्स हल छ भने परिसरभित्र पुस्तकालय भवन, सङ्ग्रहालय ब्लक, कम्पाउन्ड वाल, पार्किङ, सार्वजनिक शौचालय, क्यान्टिन ब्लकलगायतका संरचना रहेका छन् । भवन निर्माण कार्य सम्पन्न भए पनि त्यसको स्वामित्वका विषयमा भने टुङ्गो लागिसकेको छैन । भवन स्थानीय तह वा प्रदेशमध्ये कुन निकायलाई जिम्मा लगाउने भन्नेबारे छलफल भइरहेको र टुङ्गो नलागुञ्जेल सहरी विकास तथा भवन निर्माण विभाग, सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनुषाको मातहत नै रहने आयोजना कार्यान्वयन एकाइ प्रमुख प्रदीप खनालले बताउनुभयो ।






# काठमाडौं महानगरले गर्‍यो अनुगमन गर्न १६ सूचक निर्धारण

■ टक नेपाल




काठमाडौं । काठमाडौं महानगरपालिकाले स्वास्थ्य क्षेत्रको अनुगमन गर्न १६ वटा सूचक निर्धारण गरेको छ । अनुगमनमा जाँदा सेवामा असर नपुगोस्, अनुगमन टोलीले प्राप्त गर्नुपर्ने सूचना तथा विवरण सरल, सहज र विना अवरोध प्राप्त गर्न सकियोस् तथा मापदण्ड र सेवाको गुणस्तर मापन गर्न सकियोस् भन्ने उद्देश्यले सूचक निर्धारण गरिएको कामपा उपप्रमुख सुनिता डङ्गोलले जानकारी दिइन्। त्यसैगरी तत्काल सुधार गर्दा हुने त्रुटिलाई सुधारको मौका दिने, सुधारको अवसर दिन नमिल्ने कामलाई तत्काल कानुनी कारबाही गर्ने, स्वास्थ्य क्षेत्रका सेवाग्राहीले सुधारको महसुस तत्काल गर्ने, राम्रो गर्नेलाई प्रोत्साहित गर्ने, गलत गर्नेलाई कानुनी कारबाहीमा ल्याउने जस्ता सूचक तयार गरिएको उपप्रमुख डङ्गोलले बताइन्। अनुगमन समितिको संयोजक रहेका उपप्रमुख डङ्गोलका अनुसार स्वास्थ्य क्षेत्र नागरिकको धेरै गुनासा रहेकाले सूचक नै तयार गरी अनुगमन गर्न लागिएको हो। कामपा स्वास्थ्य सेवा विभागका प्रमुख रामप्रसाद पौडेलले स्वास्थ्य क्षेत्रका सम्भावित समस्या व्यवस्थापन गर्न यसअघि जारी गरिएका ऐन, नियमावली, विनियमावली, कार्यविधि र मापदण्डका आधार मा अनुगमन गर्ने बताए । विभागले आधुनिक, प्राकृतिक, आयुर्वेद, होमियोप्याथिक चिकित्सासम्बन्धी स्वास्थ्य क्लिनिक, पोलिक्लिनिक र अस्पतालहरूबाट प्रदान गरिने सेवा, सेवाको गुणस्तर, सेवा सञ्चालन गर्ने पूर्वाधार जस्ता क्षेत्रको अनुगमन गर्नेछ। पाँचदेखि २५ शय्यासम्मका स्वास्थ्य सेवा प्रदायक अस्पताल कामपाको अनुगमन क्षेत्रभित्र पर्छन्। हाल कामपाको क्षेत्राधिकार भित्र दुई हजार छ सय औषधि पसल सञ्चालन छन्। सञ्चालित धेरै औषधि पसल कानूनविपरीत रहेको भन्दै प्रमुख पौडेलले सबै पसलको अनुगमन गरी गैर कानूनीरूपमा सञ्चालनमा रहेका औषधि पसललाई कानुनी दायरामा ल्याइने बताए। उनका अनुसार कामपा क्षेत्रमा औषधि पसल सञ्चालन गर्न कामपामा अनुमति लिनुपर्छ, फार्मेसी पढेकाले मात्रै औषधि पसल सञ्चालन र बिक्री वितरण गर्नुपर्ने कानुनी मान्यता छ र बिरामी आउँदा सामान्यतया बस्ने स्थानको व्यवस्था गरेको हुनुपर्ने जस्ता मान्यता रहेको छ । कामपाले चालु आवमा स्वास्थ्य क्षेत्रका लागि ९२ करोड ६६ लाख ४४ हजार रकम विनियोजन गरेको छ । यसरी गरिने अनुगमन नियमित र आकस्मिक हुनेछन्।




# चिकित्सकमाथि आक्रमण गर्नेविरुद्ध कडा कारबाही हुन्छ : उपप्रधानमन्त्री श्रेष्ठ



■ टक नेपाल

काठमाडौं । उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले चिकित्सकमाथि दुर्व्यवहार र आक्रमण गर्नेमाथि कडा कारबाही गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । गृह मन्त्रालयमा आज स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहन बहादुर बस्नेत, नेपाल मेडिकल काउन्सिल, नेपाल चिकित्सक सङ्घलगायत स्वास्थ्यकर्मीसँग सम्बन्धित सङ्घसंस्थाका प्रतिनिधिसँगको छलफलमा उनले स्वास्थ्यकर्मीलाई दुर्व्यवहार र कुटपिट हुन नदिइने प्रतिवद्धता व्यक्त गरे । "चिकित्सकको चासो र चिन्ता पूरा गर्न सरकार प्रतिवद्ध छ, मुलुकमा विधिको शासन लागू हुन्छ, चिकित्सक र स्वास्थ्यकर्मीलाई सुरक्षित वातावरणमा काम गर्ने व्यवस्था सरकारले मिलाउँछ", उनले भने । चिकित्सकमाथि दुर्व्यवहार र आक्रमण गर्नेलाई तत्काल नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अगाडि बढाइएको जानकारी दिँदै उनले आन्दोलनरत चिकित्सकलाई बिरामीको सेवामा फर्कन आग्रह गरे । "चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि शारीरिक आक्रमणको घटना भएका छन् । त्यसमा संलग्नलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा सम्बन्धी ऐनअनुसार कारबाही अगाडि बढ्छ", उनले भने, "त्यसमा कुनै प्रकारको द्विविधा नराख्न र कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाउन मातहतको निकायलाई कडा निर्देशन जारी भइसकेको छ ।" छलफलमा स्वास्थ्यमन्त्री बस्नेतले चिकित्सकमाथि दुर्व्यवहार र आक्रमणको घटना बढ्दै जाँदा अराजक स्थिति सिर्जना हुने भएकाले बेलैमा सावधानी अपनाउन आवश्यक रहेको बताए । उनले चिकित्सक तथा स्वास्थ्यकर्मीलाई सुरक्षित वातावरणमा काम गर्ने अवस्था सिर्जना गर्न उपप्रधानमन्त्री श्रेष्ठको नेतृत्वमा सरोकारवालासँग छलफल गरिएको बताए। नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा अनिल कार्कीले सरकारले चिकित्सकको अभिभावकत्व ग्रहण गर्नुपर्नेमा जोड दिँदै ढुक्क भएर काम गर्ने वातावरण बनाइदिनुपर्ने बताए । उनले चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि आक्रमण गर्नेलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐनअनुसार कारबाही गर्न आग्रह गरे । नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा भगवान कोइरालाले कुनै पनि वहानामा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार तथा स्वास्थ्य संस्थामाथि आक्रमण गर्नेमाथि कडा कारबाही हुनुपर्ने बताए ।

**आक्रमणकारीलाई कारबाही र सूचना पाटी राख्ने छलफलको निष्कर्ष**

छलफलले देशभरका विभिन्न स्थानमा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भौतिक आक्रमण गर्नेलाई कडा कार बाही गर्ने निष्कर्ष निकालेको छ । बैठकले स्वास्थ्य क्षेत्रजस्तो संवेदनशील पेसामा रहेका व्यक्तिमाथि कुटपिट गर्नेलाई चिकित्सक तथा स्वास्थ्यकर्मी एवं स्वास्थ्यसंस्थाको सुरक्षासम्बन्धी ऐनअनुसार कारबाही गर्ने र त्यसका लागि मातहतका निकायमा सर्कुलर जारी गर्ने निर्णय गरेको छ । यस्तै बैठकले देशभरका अस्पताल र स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा भौतिक आक्रमण गरेको अवस्था तथा चिकित्सक र स्वास्थ्यकर्मीबाट उपचारका क्रममा कमजोरी गरेको भए कारबाही गर्ने ऐनको प्रावधानका बारेमा सबै स्वास्थ्य संस्थामा जानकारीमूलक सूचना पाटी राख्ने निष्कर्ष निकालेको छ । यसको समन्वय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्नेछ । "कुनै उपचाररत बिरामीको पक्षलाई ठीक ढङ्गले उपचार नभएको वा कमजोरी भएको भन्ने लाग्यो भने त्यसबारेमा अनुसन्धान गर्ने ठाउँ छ, बिरामी पक्षका तर्फबाट उजुरी गर्‍यो भने अनुसन्धान हुन्छ, चिकित्सक तथा स्वास्थ्यकर्मीबाट गल्ती भएमा कारबाही हुने प्रावधान सोही ऐनमा छ", उपप्रधानमन्त्री श्रेष्ठ भने, "त्यसो नगरी स्वास्थ्यकर्मीमाथि भौतिक आक्रमण वा स्वास्थ्य संस्थामाथि आक्रमण गर्‍यो भने त्यही ऐनको प्रावधानअनुसार कारबाही र सजाय हुनसक्ने छ भन्ने व्यहोराको जानकारी छिट्टै स्वास्थ्य मन्त्रालयले राख्नेछ ।" छलफलमा उपप्रधानमन्त्री श्रेष्ठ, स्वास्थ्यमन्त्री बस्नेत, गृहसचिव दिनेश भट्टराई, स्वास्थ्य मन्त्रालयका निमित्त सचिव, अतिरिक्त सचिव, नेपाल मेडिकल काउन्सिल, नेपाल चिकित्सक सङ्घ, नेपाल नर्सिङ सङ्घ, स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विभिन्न सङ्घसङ्गठनका प्रतिनिधिको सहभागिता थियो । *-रासस*

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जित कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रबन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com